मितिः २०८० भाद्र २९ गते

समयः विहान ११ बजे

स्थानः सभाहल, कैलाश गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८० साल भाद्र २९ गते शुक्रबारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | गोरीमाया |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | Raez |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | [signature] |

<u>प्रस्तावहरु:</u>

१. गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धमा।

२. उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्ने समयसीमा तोक्ने सम्बन्धमा।

३. स्वयंम सेवीका भत्ता थप गर्ने सम्बन्धमा।

४. गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

५. स्थानीय द्रुत प्रतिकार्य समिति तथा स्थानीय द्रुत प्रतिकार्य टोली गठन गर्ने सम्बन्धमा।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनोट गर्ने सम्बन्धमा।

७. विविध।

## निर्णयहरु:

निर्णय नं. १ कैलाश गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्कने गरी प्रतिस्पर्धात्मक विधिबाट प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याने प्रयोजनार्थ १५ दिने सूचना प्रकाशन गर्ने र पेश हुन आएका प्रतिक चिन्ह (लोगो) मध्ये गाउँपालिकाबाट स्वीकृत हुने डिजाइनकर्तालाई गाउँपालिकाले पुरस्कार स्वरुप रु ४० हजार र सम्मानपत्र प्रदान गर्ने तर उक्त सूचना अवधि भित्र कुनै पनि डिजाइनकर्ताबाट प्रतिक चिन्ह (लोगो) पेश हुन नआएको खण्डमा परामर्श सेवाबाट निर्माण गरिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २ यस गाउँपालिकाको आ.व. २०८०/०८१ मा स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको सन्दर्भमा उपभोक्ता समिति गठन सम्वत् २०८० असोज १५ गते भित्र गरिसक्ने र योजना सम्झौता गर्ने कार्य सम्वत् २०८० असोज मसान्तसम्ममा गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३ यस गाउँपालिकाको वडाहरुमा स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको नागरिक समक्ष प्रचारप्रसार तथा जनचेतना फैलाउने कार्यमा सक्रियताकासाथ कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई मासिक रु ३००/- (तीन सय) भत्ता दिइदै आएकोमा सोमा रु ७००/- (सात सय) थप गरी मासिक रु १०००/- (एक हजार) भत्ता वापतको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४ उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणरस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा विक्री स्थल र उपभोग स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणरस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न गाउँपालिकाबाट नियमित रुपमा प्रभावकारी बजान अनुगमन गर्ने कार्यलाई वैधानिक बनाउन बजार अनुगमन निर्देशिका, २०८० स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५ (क) विभिन्न किसिमका रोग, महामारी तथा विपद्को कारण सृजित आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन, त्यस्तो अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह

प्रमुख प्रशासकीय अधिकृत

परिचालन सम्बन्धी निर्देशिका, २०७९ को दफा १० (१) मा स्थानीय द्रुत प्रतिकार्य समिति गठन गर्नुपर्ने प्रावधान बमोजिम देहायका पदाधिकारीहरु रहने गरी स्थानीय द्रुत प्रतिकार्य समिति गठन गरियो।

स्थानीय द्रुत प्रतिकार्य समिति

१. श्री लोक बहादुर मुक्तान, अध्यक्ष - संयोजक
२. श्री विनोद रोका, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. अस्पताल प्रमुख - सदस्य
४. श्री प्रकाश राई, सूचना प्रविधि अधिकृत - सदस्य
५. श्री कृष्ण यादव, स्वास्थ्य संयोजक - सदस्य सचिव

(ख) स्थानीय द्रुत प्रतिकार्य समितिलाई प्राविधिक सहयोग र समन्वय गर्न द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ को दफा ११ (१) मा स्थानीय द्रुत प्रतिकार्य टोली गठन गर्नुपर्ने प्रावधान बमोजिम देहायका पदाधिकारीहरु रहने गरी स्थानीय द्रुत प्रतिकार्य टोली गठन गरियो।

स्थानीय द्रुत प्रतिकार्य टोली

१. श्री कृष्ण यादव, स्वास्थ्य संयोजक - संयोजक
२. श्री सन्तोष शाह, जनस्वास्थ्य निरीक्षक - सदस्य
३. श्री विश्व प्रकास सिंह, हे.अ - सदस्य
४. श्री शिबलाल बोहोरा ल्याव असिस्टेन्ट - सदस्य
५. श्री आशा कुमारी झा, सि.अ.न.मी - सदस्य
६. श्री सरफोद्दिन राउद गद्दि, नामटार स्वास्थ्य चौकी प्रमुख - सदस्य

निर्णय नं. ६ आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ३० लाख ९६ हजार शसर्त वजेट प्राप्त हुन आएकोले गाउँपालिकाको रोजगार सेवा केन्द्रमा वडागत वेरोजगार व्यक्तिको सूचीकृत संख्याको आधारमा वडागत बजेट बाँडफाँट गरी सम्बन्धित वडाहरुबाट पेश भएका निम्नानुसार योजना छनोट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| वडा नं. | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | चापाखर्क हेपो सडक सोलिङ्ग | रु २,७५,२००/- |
| २ | कैलाश टोल सडक सोलिङ्ग | रु २,७५,२००/- |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ३ | कालिकाटार भुक्टार गोरेटोबाटो निर्माण | रु ३,४४,०००/- |
| ४ | लिक्चे भुक्टार गोरेटो बाटो निर्माण | रु ३,४४,०००/- |
| ५ | (क) बाङ्गे तित्रबास कृषि सडक सोलिङ्ग – १ लाख ७५ हजार २ सय<br>(ख) पोखरी मोटरबाटो सोलिङ्ग- रु १ लाख | रु २,७५,२००/- |
| ६ | झाक्री पधेरो माथिल्लो पकनी सडक सोलिङ्ग | रु ३,४४,०००/- |
| ७ | सुकुभङ्ग्याङ्ग डुम्रे सडक सोलिङ्ग | रु ३,४४,०००/- |
| ८ | आम्वोटे पाखे सडक सोलिङ्ग | रु ३,४४,०००/- |
| ९ | स्यार्सेकालिका मन्दिर संरक्षणका लागि पर्खाल निर्माण | रु ३,४४,०००/- |
| १० | गोपीराम बलामी गोरेटोबाटो निर्माण | रु २,७५,२००/- |
| | जम्मा | रु ३०,९६,०००/- |

विविध

क. सम्वत् २०८०/४/२६ मा कार्यपालिकाको बैठकबाट २ जना असिस्टेन्ट सब इन्जिनियर सेवा करारमा पदपूर्ति गर्ने भनी निर्णय भएकोमा गाउँपालिकाको स्वीकृत दरवन्दीको अधिनमा रही असिस्टेन्ट सव इन्जिनियरको सट्टा २ जना सव इन्जिनियरको विज्ञापन गरी सेवा करारमा पदपुर्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

ख. गरिवसँग विशेश्वर कार्यक्रमको सामाजिक परिचालक पदमा कार्यरत कर्मचारीहरुले मासिक तलब रु १५ हजार प्रास गर्दै आएकोमा सोमा रु ७ हजार थप गरी रु २२ हजार कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

ग. यस गाउँपालिकाको वडा नं. ९ स्थित नामटार स्वास्थ्य चौकीको भवन निर्माण कार्य ठेक्का नं. KRM/CNHP/BN-12/2078/79 मार्फत निर्माण व्यवसायी श्री पाण्डव कन्ट्रक्सन कम्पनी प्रा.लि., हेटौडा-४ लै गर्दै आएको र दोस्रो रनिङ्ग विल वापत भुक्तानीको लागि पेश भएको रकम मध्ये रु १३ लाख ८० हजार भुक्तानी हुन बाँकी देखिएकोले सो रकम गाउँपालिकाको आन्तरिक स्रोतवाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

घ. कैलाश गाउँपालिका वडा नं. २ अन्तरगत पर्ने सानुडाँडाखर्क-कैलाश बैकुण्ठ सडक तथा बैकुण्ठ-खोलाखर्क- छ्याङ्दुङ्ग र सानुडाँडाखर्क-छ्याङ्दुङ्ग सडक खण्ड निरन्तर वर्षाको कारण

Scanned with CamScanner

विग्रिई सडक अवरुद्ध भै एम्बुलेन्स लगायतका यातायात सेवा बन्द भएकोले तत्काल उक्त सडक मर्मतसम्भार गरी यातायात सेवा सूचारु गर्नका लागि मर्मतसम्भारका लागि रु २ लाख ३७ हजार रुपैया गाउँपालिकाको भैपरी आउने पूँजीगत शीर्षकबाट व्यवस्था गर्ने गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने सर्वसम्मतले निर्णय गरियो।

ङ. कैलाश गाउँपालिकाको वडा नं. १ स्थित डाँडाखर्क प्रहरी चौकी भवनमा फलामे भर्याङ्ग निर्माण गर्नुपर्ने भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम रु १ लाख बजेट आवश्यक पर्ने देखिएकोले सो कार्य गर्नका लागि लागत अनुमान बमोजिकको बजेट गाउँपालिकाको भैपरी आउने पूँजीगत शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner